बेलका नगरपालिकाको बिनियोजन ऐन, २०७८

सभाबाट पारित मिति : २०७८।०३।३०

वेलका नगरपालिका, उदयपुर को आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न तयार भएको ऐन

**प्रस्तावना :** वेलका नगरपालिका, उदयपुर २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम वेलका नगरपालिका, उदयपुर, नगर सभाको आठौँ अधिवेशनबाट यो ऐन पारित भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बेलका नगरपालिका, उदयपुरको विनियोजन ऐन, २०७८" रहेकोछ।
(२) यो ऐन राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

२. **आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७८/७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित विषयगत खर्च (चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम) समेत गरी जम्मा रकम ७१६९४७००० (अक्षेरुपी एकहत्तर करोड उनान्सत्तरी लाख सतचालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त वेलका नगरपालिका, उदयपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची १

| क्र सं | बिनियोजित विषय/क्षेत्र/स्रोत | बिनियोजित रकम |
|---|---|---|
| १ | सामाजिक विकास | ५४७४५००० |

| | | |
|---|---|---|
| २ | आर्थिक विकास | २६३०००००० |
| ३ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | १७५०००००० |
| ४ | पूर्वाधार विकास | १५७०००००० |
| ५ | वातावरण तथा विपद व्यवस्थापन | ४०००००० |
| ६ | दायित्व भुक्तानी | ४०५०००००० |
| ७ | वडा कार्यालयहरु | ४०५०००००० |
| ८ | कार्यालय संचालन तथा प्रशासनिक खर्च (नगर/वडा) | ८८५५००००० |
| ९ | समपुरक तथा साझेदारी कार्यक्रम | २४४०००००० |
| १० | नगर गौरवका आयोजनाहरु | ४४०५००००० |
| ११ | संघीय सशर्त अनुदान | २९०४०००००० |
| १२ | संघीय समपुरक अनुदान | २०८०००००० |
| १३ | संघीय विशेष अनुदान | ३३२०००००० |
| १४ | प्रदेश सशर्त अनुदान | ६३०२००० |
| १५ | प्रदेश समपुरक अनुदान | १०००००००० |
| | **कुल जम्मा** | **७१६९४७०००** |